STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २९ गते बुधबार ❑ 15 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेस सभापति पदको दोस्रो चरणमा ४,५६२ ले गरे मतदान

**रासस**
**काठमाडौं, २८ मंसिर**

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत सभापति पदका लागि मंगलबार भएको दोस्रो चरणको मतदान सम्पन्न भएको छ।

दिउँसो ३:३० बजेदेखि सुरु भएको मतदान निर्धारित समयभन्दा डेढ घण्टा ढिला राति ९ बजे सम्पन्न भएको हो। उक्त मतदानको मतगणना केही बेरमा सुरु हुने पार्टीको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। मतदानमा चार हजार ७४३ मतदातामध्ये चार हजार ५६४ ले मतदान गरेका छन्।

सोमबारको तुलनामा मंगलबारको मतगणना सुरु गर्दा कम समय लाग्ने बताइएको छ। मतपत्र एकै किसिमको मात्र रहेको, मतगणना आचारसंहिता र गणक तयारी अवस्थामा रहेकाले तुरुन्तै मतपेटिका शिलबन्दी गरी मुचुल्का बनाएर गणना सुरु गरिने समितिले जनाएको। सभापतिका उम्मेदवार प्रधानमन्त्री शेरबहादुर देउवा र नेता डा शेखर कोइरालाले मतदातासँग मत मागि रहेका थिए। राष्ट्र्यसभा गृहमा कायम रहेको मतदान केन्द्रमा मतदानका लागि लाइनमा बसेका मतदातासँग दुवै प्रत्याशीले आ-आफनो पक्षमा मतदान गर्न आग्रह गरिरहनुभएको थियो।



सोमबार भएको निर्वाचनमा सभापति पदमा प्रत्यासी कसैको पनि ५१ प्रतिशत मत नपुगेपछि पार्टीको विधान अनुसार सभापति पदका लागि पुनः निर्वाचन भएको हो।

पहिलो चरणको मतदानमा प्रधानमन्त्री एवं सभापति देउवाले दुई हजार २५८ र उहाँका निकटतम प्रतिद्वन्द्वी पार्टीका केन्द्रीय सदस्य डा शेखर कोइरालाले एक हजार ७०२ मत प्राप्त गर्नुभयो। सभापतिका अन्य प्रत्यासी पूर्वमहामन्त्री सिंहले ३७१, उपसभापति बिमलेन्द्र निधिले २५० र केन्द्रीय सदस्य कल्याण गुरूङले २२ मत प्राप्त गर्नुभएको थियो। काठमाडौंको राष्ट्र्यसभा गृहमा कायम गरिएको मतदानस्थलमा सभापतिका दुवै प्रत्यासी प्रधानमन्त्री देउवा र नेता कोइराला मतदान स्थलमा उपस्थित हुनुहुन्छ।

यसैबीच सभापतिका उम्मेदवार प्रधानमन्त्री देउवाले मतदान गर्नुभएको छ। सोमबार बिहानदेखि रातिसम्म भएको मतदानमा जम्मा चार हजार ७४३ मतदातामध्ये चार हजार ६७९ मतदाताले मतदान गरेका थिए। मतदानमा कूल ७६ मत बदर भएको थियो। कांग्रेस विधानअनुसार सभापतिमा निर्वाचित हुन खसेको मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नु अनिवार्य हुन्छ।

पहिलो पटक कुनै पनि उम्मेदवारले ५० प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जना बीच पुनः मतदान हुन्छ। विधान अनुसार, पुनः मतदान हुँदा बढीमत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ। यसैबीच सभापति पदका प्रत्यासी देउवालाई पहिलो चरणका सभापतिका अन्य प्रत्यासीहरु सिंह, निधि र गुरुङले समर्थन गर्नुभएको छ।

## समयमै बजेट कार्यान्वयन गर्न अर्थ मन्त्री बरालको निर्देशन

**पोखरापत्र संवाददाता**
**गोरखा, २८ मंसिर**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले समयमै बजेट कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिनु भएको छ।

अर्थ मन्त्रालयले मंगलबार गोर्खामा आयोजना गरेको बजेट कार्यान्वय र आर्थिक अनुशासन सम्बन्धि अन्तरक्रिया एवं छलफल कार्यक्रममा वोल्दै मन्त्री बरालले कुनै बाहना बाजी नगरी समयमै बजेट कार्यान्वयन हुने गरी काम गर्न कर्मचारीहरुलाई निर्देशन दिनु भएको हो।

दोश्रो चौमासिक भित्र पनि कार्यक्रम कार्यान्वयनमा जान सक्ने अबस्था नभएमा तत्काल सरेण्डर (आत्मसमपर्ण) गर्न मन्त्री बरालको भनाई थियो। अधिकांश मन्त्रालयबाट बजेट माग भए पछि मन्त्री बरालले प्राप्त बजेटलाई सिमित श्रोत साधनको प्रयोग गरी कार्यान्वयन गर्न आग्रह गर्नु भयो। गोर्खाका प्रादेशिक कार्यालयहरुलाई पुरस्कृत हुने गरी काम गर्न उहाँको भनाई थियो। कार्यक्रममा वोल्दै मन्त्री बरालले अघिल्लो बर्षको तुलनामा यस बर्ष करिब ५ अर्ब कम बजेट विनियोजन भएकोले प्राप्त बजेटलाई प्रभावकारी ढंगले कार्यान्वन गर्नूपर्ने अबस्था रहेको बताउनु भयो।

गण्डकी प्रदेशका पूर्व मन्त्री लेखबहादुर थापा मगरले दोश्रो चौमासिकसम्म कार्यान्वयन सुरु नभएका योजनाहरु रद्ध गर्न सुझाव दिनु भयो। उहाँले जिल्लामा राजश्व संकलन गर्न धेरै क्षेत्रहरु छुटेको तथा उठ्नुपर्ने



राजश्व कम उठेकोले अनुगमन आवश्यक भएको बताउनु भयो। अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले आ-आफ्नो मन्त्रालय अन्र्तगत कार्यालयहरुले आवश्यक बजेट माग गर्न सुझाव दिनु भयो। गोर्खा जिल्लाबाट करिब ६० करोड बढी बजेट माग भएको उहाँले बताउनु भयो। बजेट कार्यान्वयनको अबस्था बुझि कठिनायी भएको अबस्थामा सहजीकरण गर्ने र आगामी बजेट निर्माणमा सुधार गर्नुपर्ने कुराको पृष्ठपोषणको लागि पनि जिल्लागत रुपमा छलफल गरिएको सचिव अर्यालले बताउनु भयो।

कोष तथा लेखा नियन्त्रक कार्यालय गोर्खाका प्रमुख महेन्द्र प्रसाद भण्डारीले यही मंसिर २७ गतेसम्म प्रदेश अन्र्तगत बजेट कार्यान्वय पूंजिगत तर्फ १७.२८ प्रतिशत बजेट खर्च भएको बताउनु भयो। गोर्खामा चालु आ.व.मा १ अर्ब ८३ लाख बजेट विनियोजन भएको उहाँले बताउनु भयो। जिल्ला समन्वय समिति गोर्खाका जिल्ला समन्वय अधिकारी नानीबाबु पोखरेलले स्थानिय सरकारलाई जवाहदेही बनाउनु पर्ने बताउनु भयो। अनुगमन तथा मुल्याङ्कन शाखा कर्मचारी विहीन भएको उहाँको गुनासो गर्नु भयो।

पुर्वाधार विकास कार्यालय गोर्खाका प्रमुख ओमराज ढुंगानाले यस बर्ष दायित्व सृजना हुदा ५ करोड २८ लाख आवश्यक भएको बताउनु भयो। उहाँले प्राप्त बजेट अभावले गर्दा यस बर्ष करिब १३ योजना नै प्रभावित हुने दाबी गर्नुँ भयो।

स्वास्थ्य कार्यालय गोर्खाका निमित्त प्रमुख बिद्या तामाङले गोर्खाको विकट क्षेत्र चुमनुब्रि र धार्चेमा ४५ जनाको दरवान्दी रहेकोमा हाल ७ जना मात्र रहेको गुनासो गर्नु भयो। आउदो पुष महिना भित्र १८ बर्ष माथिका व्यक्तिहरुमा ९४ प्रतिशत कोरोना बिरुद्धको खोपको पहुच पुग्ने तामाङले दाबी गर्नु भयो।

सामाजिक विकास कार्यालयका प्रमुख दीपेन्द्र परिवारले दरवन्दी अनुसार कर्मचारी पदपुर्ति गरी काम गर्ने वातावरण सृजना गर्न माग गर्नु भयो। एकलाखे योजनालाई कार्यान्वयमा लैजान कठिन हुने गरेको उहाँको भनाई थियो।

जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय गोर्खाका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सभापति देउवासँग कुनै पद लिने सम्झौता भएको छैन : नेता सिंह

**रासस**
**काठमाडौं, २८ मंसिर**

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले प्रधानमन्त्री एवं सभापति शेरबहादुर देउवासँग कुनै पद लिने सम्झौता नभएको बताउनुभएको छ।

नेता सिंहले आज साँझ एक विज्ञप्ति जारी गरी पार्टी सभापतिको दोस्रो चरणको निर्वाचनमा सभापति देउवालाई आफूले निःशर्त समर्थन गरेको र आफूले कुनै पद लिने सम्झौता सभापति देउवासँग नगरेको बताउनुभएको हो।

"निश्चित कुनै पद लिने भन्ने सम्झौता भएको भन्ने ढङ्गले केही अनलाइनमा आएको भ्रमपूर्ण समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको छ", नेता सिंहद्वारा जारी विज्ञप्तिमा भनिएको छ। नेता सिंहले प्रथम चरणको निर्वाचनमा सबैभन्दा बढी मत प्राप्त गर्नुभएका तथा आफ्नो कार्यशैलीमा परिवर्तन गरेर अगाडि बढ्ने प्रतिबद्धताअनुसार आफूले सभापतिमा देउवालाई समर्थन गरेको बताउनुभयो। उहाँले अन्य खाले अनर्गल भ्रममा नपर्न सबैलाई आग्रहसमेत गर्नुभएको छ।

## थप २६४ जनामा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ मंसिर**

देशभर पछिल्लो २४ घण्टामा थप २६४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा १३ हजार ७०९ जनाको पीसीआर परीक्षण गरिएको थियो।

योसँगै नेपालमा पीसीआर परीक्षण गरिएका सङ्क्रमितको सङ्ख्या आठ लाख २४ हजार ७६४ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या ९५ हजार ८४५ पुगेको छ। पछिल्लो समय थप ३६२ जना कोरोनाबाट निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या आठ लाख सात हजार ५१६ पुगेको छ। निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५५९ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ। त्यसैगरी, पछिल्लो समय दुई लाख ३६ हजार ४८२ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ६८९ जना छ।

## लोकतन्त्रलाई सुदृढ बनाउन पार्टी बलियो हुनपर्छ : सभापति देउवा

**रासस**
**काठमाडौं, २८ मंसिर**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले लोकतन्त्रलाई सुदृढ बनाउन कांग्रेस बलियो हुनुपर्ने बताउनुभएको छ।

पार्टीको १४औँ महाधिवेशनमा भाग लिन यहाँ आउनुभएका जिल्ला सभापति, क्षेत्रीय सभापति एवं महाधिवेशन प्रतिनिधिको सम्मानमा मंगलबार बिहान वरिष्ठ नेता रामचन्द्र पौडेलद्वारा आयोजित चियापान कार्यक्रममा उहाँले प्रजातन्त्र बलियो बनाउन कांग्रेसका नेता तथा कार्यकर्ता लाग्नुपर्ने बताउनुभएको हो।

"पार्टीभित्रको निर्वाचनमा हारजित हुन्छ, प्रजातन्त्र र पार्टीलाई बलियो बनाउन सबै लाग्नुपर्छ," उहाँले भन्नुभयो। उहाँले पार्टीभित्र अनुशासन र सम्मान गर्ने परम्पार कामय राख्नुपर्नेमा जोड दिनुभयो। सभापति देउवाले आफूहरु सँगसँगै लोकतन्त्र प्राप्तिका लागि सङ्घर्ष र जेलजीवन बिताएको प्रङ्सँग उल्लेख गर्दै महान् नेताले बोलाएको चियापानमा आउन पाउदा आफूलाई भाग्यमानी ठानेको बताउनुभयो।

पार्टीका वरिष्ठ नेता पौडेलले पार्टीभित्रको गलत प्रवृत्तिका विरुद्धमा आफ्नो लडाइँ सधैं जारी रहने बताउनुभयो। "मुलुकमा स्थायित्व, विकास र सुशासन दिन म सधैं तत्पर रहन्छु, पार्टीको महाधिवेशनमा उम्मेदवार नभए पनि राजनीतिबाट आफूलाई अलग राखेको छैन,"- उहाँले भन्नुभयो। वरिष्ठ नेता पौडेलले आफू निष्ठा र प्रतिबद्धतामा विचलित नभएको बताउँदै आफ्नो विवेकको सही प्रयोग गर्न मतदातालाई आग्रहसमेत गर्नुभयो। उहाँले आसन्न तीन तहकै निर्वाचनमा प्रतिस्पर्धा गर्नुपर्ने कठिन चुनौतीलाई सामना गर्न पार्टीभित्र एकता, अनुशासन र सुदृढ सङ्गठन विस्तारको आवश्यकता रहेको बताउनुभयो।

पार्टी सभापतिका अर्को उम्मेदवार डा शेखर कोइरालाले पार्टीभित्रको आन्तरिकप्रतिस्पर्धा निर्वाचन भएकाले कांग्रेसलाई बलियो बनाउन सबै लाग्नुपर्ने बताउनुभयो। "पार्टीभित्र सभापति र वरिष्ठ नेता दुबै सम्मानित नेता हुनुहुन्छ, उहाँलाई सम्मान, इज्जत र आदर गर्नुपर्छ,"- उहाँले भन्नुभयो। उहाँले अनुशासित पार्टी निर्माणका लागि सबै लाग्नुपर्ने बताउनुभयो। नेता कोइरालाले अन्तरआत्मा के भन्छ, त्यहिअनुसारको विवेक प्रयोग गरेर मतदान गर्नसमेत सबै प्रतिनिधिलाई आग्रह गर्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पर्यटन प्रवर्द्धन गर्न 'चापाकोट साँस्कृतिक महोत्सव'

पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर

सेलाउँदो पर्यटकीय गतिविधिलाई चलायमान बनाउने उद्देश्य सहित पोखरा २३ मा 'चापाकोट देउराली सामुदायिक होमस्टे साँस्कृतिक महोत्सव २०७८' आयोजना हुने भएको छ।

चापाकोट पर्यटन प्रवर्द्धन समितिले पोखरा महानगरपालिका २३ मा पर्यटन भित्राउने लक्ष्य सहित तेस्रो संस्करणको विविध प्रतियोगिता सहित मेला आयोजना गर्ने समितिका अध्यक्ष एवम् कार्यक्रम संयोजक भिम पराजुलीले बताए । उनका अनुसार उक्त मेला पौषको १ देखि ५ गतेसम्म सञ्चालन हुनेछ।

संयोजक पराजुलीले सो मेलामा संस्कृति संरक्षण गर्ने उद्देश्य सहित भजन प्रतियोगिता, बाजा प्रतियोगिता, रत्यौली प्रतियोगिता तथा दुना टपरी गाँस्ने प्रतियोगिता समावेश गरिएको जानकारी दिए । त्यसैगरी महोत्सवमा बाल नृत्य प्रतियोगिता समेत



आयोजना हुनेछ । महोत्सवमा आयोजना हुने भजन, बाजा तथा रत्यौली प्रतियोगिताका विजेता समुहले प्रमाणपत्र तथा मेडल सहित नगद रु ३० हजार प्राप्त गर्नेछ । त्यसैगरी दोस्रो, तेस्रो र सान्त्वना स्थान हाँसिल गर्ने समुहले मेडल तथा प्रमाणपत्र सहित क्रमश २० हजार, १० हजार र ५ हजार हात पार्नेछ।

संयोजक पराजुलीले बाल नृत्य तर्फ विजेताले मेडल तथा प्रमाणपत्र सहित ३ हजार प्राप्त गर्ने जानकारी दिए। पराजुलीका अनुसार द्वित्तिय, तृतीय र सान्त्वना स्थान हाँसिल गर्नेले मेडल तथा प्रमाणपत्र सहित क्रमश २ हजार, १ हजार र ५ सय प्राप्त गर्नेछन् । महोत्सवमा विभिन्न प्रतियोगितासँगै साँस्कृकि विशेष आकर्षणहरु समेत समावेश गरिएको पराजुलीले बताए। 'हामीले प्रतियोगिता मात्रै नभएर लोक संस्कृति संरक्षण गर्ने उद्देश्य सहित विभिन्न ख्याती प्राप्त कलाकारहरुलाई पनि निम्ताएका छौ, उनले भने, योसँगै हाम्रो मौलिकतासँग जोडिएको लठ्ठे पिङ, रोटे पिङको पनि व्यवस्था गरेका छौ ।' उनका अनुसार सांस्कृतिक कार्यक्रम तर्फ प्रजापति पराजुली, जीवन दाहाल, पोखरेली माग्ने बुढा, तारापती सुवेदी, सरला पाण्डे, शिवहरी ढुङ्गाना लगायतको बेजोड प्रस्तुती रहने छ।

## समयमै...

प्रमुख प्रकाश लम्सालले आगामी बर्ष योजना अनुसारको कार्यक्रम ल्याउदा न्यूनतम २० प्रतिशत बजेट सुनिश्चित गर्न माग गर्नु भयो। यस बर्ष थप ४ करोड बजेट आवश्यक भएको उहाँले माग गर्नु भयो।

कृषि ज्ञान केन्द्र गोर्खाका प्रमुख परशुराम अधिकारीले जनशक्ति अभाव, व्यबस्थित बजारीकरण, श्रम शक्ति अभाव, भौगोलिक कठिनाईका कारण योजना कार्यान्वयनमा कठिनाई भएको बताउनु भयो । १३ जनाको दरवन्दीमा हाल ५ जना मात्र रहेको बताउनु उहाँले जनाउनु भयो।

गोर्खाका प्रमुख जिल्ला अधिकारी शंकरहरि अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा मन्त्रालयका उपसचिव वसन्तराज तिवारी, शाखा अधिकृत केशव सुवेदी लगायतले वोल्नु भएको थियो । गोर्खाको चुमनुब्रि गाउँपालिकामा अझै पनि सुख्खा पहिरो गएको प्रजिअ अधिकारीले गुनासो गर्नु भयो।



श्रद्धाको जन्मदिन भद्रकालीमाः पोखरा महानगरपालिका वडा नं १३ स्थित गौडाकोमुन निवासी श्रद्धा क्षोत्रीले ११ औ जन्मदिनको अवसरमा आफु जस्तै भद्रकाली माविमा प्राविमा अध्ययनरत १९ जाना छात्रछात्रालाई मंगलवार सुइटर वितरण गरिन। श्रद्धाले वर्षभरी भुड्कोमा जम्मा गरेको पैसावाट सुइटर वितरण गरेकी हुन्। आफु जस्तै साथीहरुलाई सुइटर वितरण गर्न पाउँदा आफु धेरै आनन्दित भएको श्रद्धाले बताइन। तस्वीर : पोखरापत्र

# निजी क्षेत्रसँग सिधै पिपिए गरेर बिजुली खरिद गर्न बङ्गलादेश तयार

रासस
काठमाडौं, २८ मंसिर

नेपालमा उत्पादित भएको बिजुली आगामी वर्षदेखि बङ्गलादेशले खरिद गर्ने भएको छ। हाल खेर गइरहेको बिजुली बङ्गलादेशले खरिद गर्ने भएको हो । बिजुलीको बजार खोज्नुपर्ने बाध्यता आइपरेको बेलामा बङ्गलादेशबाट आएको प्रस्तावलाई सकारात्मक रूपमा लिइएको छ।

यसैगरी नेपालका निजी क्षेत्रसँग दीर्घकालीनरूपमा विद्युत् खरिद सम्झौता (पिपिए) गर्न समेत बङ्गलादेशले गृहकार्य अघि बढाउने जनाएको छ । नेपालमा बजार व्यवस्थापन हुन नसक्दा गत वर्षायाममा ५०० मेगावाट विद्युत् खेर गएको थियो। यसबाट रु पाँच अर्ब बराबरको नोक्सान भएको छ। पर्याप्त प्रसारण लाइन र आन्तरिक एवं बाह्य बजारको अभावका कारण नेपालमा उत्पादित विद्युत् खेर गइरहेको हो।

बङ्गलादेश भ्रमणमा रहेको नेपाल उद्योग परिसङ्घको प्रतिनिधिमण्डलसँगको भेटमा बङ्गलादेशका विद्युत्, ऊर्जा तथा खनिज स्रोत राज्यमन्त्री नसरुल हमिदले नेपालमा उत्पादन हुने विद्युत् आउँदो वर्षबाटै खरिद गर्ने बताउनुभयो । "नेपालमा उत्पादन भएको विद्युत् खपत नभएर खेर गइरहेको अवस्था छ", उहाँले भन्नुभयो, "त्यो विद्युत् हामी खरिद गर्न सक्छौं ।" उहाँले नेपालबाट विद्युत् आयातका लागि प्रसारण लाइनको पूर्वाधार सुदृढ गर्ने र डेडिकेटेड लाइनको समेत निर्माण थालनी गर्ने बताउनुभयो। राज्यमन्त्री नसरुलले सन् २०२६ सम्ममा नेपालमा उत्पादन भएर खेर जाने ३५ सय मेगावाटसमेत बिजुली खरिद गर्ने प्रतिबद्धता जनाउनुभयो।

तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले गर्नुभएको बङ्गलादेश भ्रमणका क्रममा समेत ऊर्जा राज्यमन्त्री हमिदले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली खरिद गर्ने प्रतिबद्धता जनाउनुभएको थियो। बङ्गलादेशमा ऊर्जाको अत्यधिक माग रहेको छ। सो माग परिपूर्तिका लागि सबैभन्दा उत्तम विकल्प नेपाल नै भएकामा त्यहाँका सरकारी अधिकारी सहमत छन् । बङ्गलादेशले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको ५०० मेगावाट बिजुली खरिद गर्ने सम्झौता गरिसकेको छ। तर, माथिल्लो कर्णालीको प्रवर्द्धक भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर)ले हालसम्म कुनै पनि काम अगाडि नबढाउँदा समस्या पैदा भएको छ। राज्यमन्त्री हमिदले जनवरी २०२२ देखि यस विषयमा नेपालको निजी क्षेत्रसँग छलफल गर्ने र सन् २०२२ को मार्चभित्रमा काम सम्पन्न गर्ने प्रतिबद्धता पनि जनाउनुभयो। "मार्चमा म नेपाल भ्रमण गरेर यो विषय टुङ्गो लगाउनेछु", उहाँले भन्नुभयो। उहाँले बङ्गलादेश ऊर्जा विकास बोर्डलाई नेपालमा सर्वेक्षण अनुमति लिएका १६ हजार मेगावाट क्षमताका जलविद्युत् आयोजनासँग सिधै विद्युत् खरिद सम्झौता (पिपिए) गराउने गृहकार्य सुरु गर्ने पनि बताउनुभयो। भारतले मार्च २०२१ मा अन्तरदेशीय ऊर्जा व्यापार कार्यविधि जारी गरेपछि त्रिदेशीय विद्युत् व्यापारको ढोका खुलेको छ। यो कार्यविधिले अन्तरदेशीय विद्युत् व्यापारमा नियमन र कानूनी संयन्त्रसम्बन्धी द्विविधाको अन्त्य गरेको छ । नेपालको बिजुलीको सम्भाव्य बजार भारत भए पनि बङ्गलादेशको प्रतिबद्धतासँगै निजी क्षेत्र अन्तरदेशीय विद्युत् व्यापारमा आशावादी भएको छ। बङ्गलादेशलाई सन् २०४० सम्ममा २४ हजार मेगावाट नवीकरणीय ऊर्जा आवश्यक छ र अबको चार वर्षमा कोइलाबाट ऊर्जा उत्पादन गर्ने आयोजना बन्द गर्ने योजना बङ्गलादेशको छ। नेपालमा उत्पादन हुने विद्युत् बङ्गलादेशका लागि अहिलेभन्दा आधा सस्तो पर्छ।

भेटमा नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले नेपालको जलविद्युत्मा लगानीका लागि बङ्गलादेशका लगानीकर्ताका लागि खुला गर्न आग्रह गर्नुभयो। उहाँले नेपालका निजी क्षेत्रसँग सिधै पिपिए गरेर विद्युत् खरिद गर्न पनि राज्यमन्त्रीसँग अनुरोध गर्नुभयो । परिसङ्घको पूर्वाधार समितिका सभापति एवं स्वतन्त्र ऊर्जा उत्पादकको संस्थाका उपाध्यक्ष आशीष गर्गले नेपालमा विद्युत् उत्पादन र विद्युत् खपतको अवस्थाबारे प्रस्तुतीकरण दिनुभएको थियो। ढाकामा भएको भेटमा परिसङ्घका पूर्वअध्यक्ष हरिभक्त शर्मा, उपाध्यक्ष निर्वाण चौधरी, कृष्णप्रसाद अधिकारी र वीरेन्द्रराज पाण्डे एवं राष्ट्रिय परिषद् सदस्य लक्ष्मीप्रसाद सुवेदी, भीमप्रसाद घिमिरे, द्विराज शर्मा र चितवन उद्योग सङ्घका निवर्तमान अध्यक्ष राजु पौडेलको उपस्थिति थियो। यसैगरी नेपाली राजदूतावास ढाकाका कार्यवाहक राजदूत कुमार राई र परिसङ्घका महानिर्देशक यादवप्रसाद पौडेल लगायतको उपस्थिति थियो।

# वैदेशिक रोजगारीको सम्पूर्ण लागत रोजगारदाताले बेहोर्ने व्यवस्था कार्यान्वयन गर्न सुझाव

रासस
काठमाडौं, २८ मंसिर

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)ले वैदेशिक रोजगारीका क्रममा लाग्ने सम्पूर्ण लागत रोजगारदाताले नै बेहोर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्न सरकारलाई सुझाव दिएको छ।

म ा इ ग ़ ॆ ़ ट रिक्रुटमेन्ट एडभाइजर' प्रयोगकर्ता श्रमिकद्वारा आफूले सेवा लिएका म्यानपावर कम्पनीको सेवा मूल्याङ्कनका सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन आज सार्वजनिक गर्दै जिफन्टले रोजगारदाताले नै भर्ना शुल्क र खर्च बेहोर्ने व्यवस्थाको कडाइका साथ कार्यान्वयन गरी न्यायोचित भर्ना प्रक्रिया अगाडि बढाउन सुझाव दिएको हो । अध्ययनमा सहभागी एक हजार ५९३ मध्ये ९८ प्रतिशत बढी व्यक्तिले आफूले चर्को भर्ना शुल्क तिरेको बताएका थिए । उनीहरुले औषत रु एक लाख भर्ना शुल्क तिर्नुपरेको अध्ययनले जनाएको छ। अध्ययनमा संलग्न दुई प्रतिशतभन्दा कम व्यक्तिले आफूले कुनै पनि शुल्क तथा खर्च बेहोर्नु नपरेको बताएका थिए।

सरकारले पछिल्ला केही वर्षयता वैदेशिक रोजगारीका क्रममा श्रमिकको भर्नाबापतको सम्पूर्ण लागत रोजगारदाताले बेहोर्नुपर्ने व्यवस्था गरेको छ । श्रमिक भर्नाको सम्पूर्ण लागत रोजगारदाताले नै बेहोर्नुपर्ने विषयलाई गन्तव्य मुलुकसँगको श्रम समझदारीमा समेटिएको छ। जोर्डन, मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), मरिससलगायत मुलुकसँगको द्विपक्षीय श्रम सम्झौतामा सम्पूर्ण खर्च रोजगारदाताले बेहोर्ने विषय उल्लेख गरिएको छ । श्रम सम्झौतामा भर्ना प्रक्रिया निःशुल्क बनाइने उल्लेख भए पनि वैदेशिक रोजगारीमा जाने श्रमिकले चर्को शुल्क तिर्दै आएका छन्।

श्रमिकले भर्ना शुल्क तिर्नुपर्ने अवस्थाको अन्त्यका लागि अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउन पनि जिफन्टले सुझाव दिएको छ । श्रमिकले कुनै शुल्क तिर्नुपरेमा त्यसको अनिवार्य रसिद पाउने विषयलाई सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै जिफन्टले सरोकारवाला निकायको प्रभावकारिता वृद्धि गर्न सुझाव दिएको छ।

सरकारले वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्दै म्यानपावर एजेन्ट खारेज गरेको छ। ऐनले एजेन्ट खारेज गरे पनि अझै एजेन्टको सक्रियता नघटेको अध्ययनमा पाइएको छ । वैदेशिक रोजगारीमा जान चाहनेमध्ये ४० प्रतिशत व्यक्ति एजेन्टमा नै निर्भर रहेका छन् । बत्तीस प्रतिशत व्यक्ति भने प्रत्यक्षरुपमा सम्बन्धित म्यानपावर कम्पनी पुगेका छन्।


## घर बिक्रीमा

पोखरा हाउजिङ्ग घारीपाटन-१७ भित्र तपशिल अनुसारको घर बिक्रीमा छ।

१. क्षेत्रफल- ७ आना, तला-३
२. कोठा-३ अट्याच, २ कमन वाथरुमको कोठाहरु, किचन, डाईनिङ्ग, सिटिङ्ग रुम तथा स्टोरसहित।
३. पूर्व दिशा फर्केको।
४. स्टाफ कोठा, ट्वाइलेट वाथरुमसहित
५. २४ सै घण्टा पानी, विजुली र सेक्युरिटीको सुविधा भएको
६. घरको मूल्यः आपसी समझदारीमा

सम्पर्क:
रमेश मामा: ९८५६०६६२३१



"लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार"

- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरूत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

